# विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण
# (National Assessment of Student Achievement, NASA)
# कक्षा ५
# सञ्चालनको मार्गदर्शन पुस्तिका-२०८२


नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शैक्षिक गुणस्तर परीक्षण केन्द्र**

सानोठिमी, भक्तपुर

Email: eronasa@gmail.com | Website: www.ero.gov.np

Phone: 01-6632116

# विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण
## (National Assessment of Student Achievement, NASA)
## कक्षा ५
## सञ्चालनको मार्गदर्शन पुस्तिका-२०८२

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शैक्षिक गुणस्तर परीक्षण केन्द्र**
सानोठिमी, भक्तपुर
www.ero.gov.np
Email: eronasa@gmail.com
Phone: 01-6632116

# परीक्षणबारे केन्द्रको अनुरोध

विद्यालय शिक्षामा विद्यार्थीको पहुँच सुनिश्चितताका साथै उनीहरूको सिकाइमा अपेक्षित सुधार ल्याउन प्रयासहरू केन्द्रित गर्नु आजको आवश्यकता हो । बालबालिकामा पाठ्यक्रमले तोकेका तह वा कक्षागत सक्षमता हासिल हुनुपर्छ । बालबालिकामा यस्ता सक्षमता विकास भएका छन् वा छैनन् भन्ने जानकारी र यसमा सुधारका लागि आवधिक रूपले परीक्षण कार्य गरिन्छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले वि.सं. २०६८ (सन् २०११) देखि नै विद्यालय तहका विभिन्न कक्षा र विषयमा राष्ट्रिय सर्वेक्षणका माध्यमबाट विद्यार्थी उपलब्धिको परीक्षण गरी राष्ट्रिय रूपमा विद्यार्थीको सिकाइका बारेमा सरोकारवालालाई पृष्ठपोषण प्रदान गर्ने कार्य गर्दै आएको छ । यी अध्ययनका प्रतिवेदनले समग्रमा देशको सिकाइ उपलब्धिको अवस्था के छ ? विभिन्न क्षेत्र, लिङ्ग, जातजाति, मातृभाषा, विद्यालयको अवस्थिति आदि आधारमा विद्यार्थीको सिकाइ उपलब्धिको अवस्था के छ ? विद्यार्थीको सिकाइ उपलब्धिमा कुन कुन तत्त्वले कसरी प्रभाव पारिरहेका छन् ? भन्ने सन्दर्भमा एउटा बलियो प्रमाण प्रस्तुत गरेका छन् । यसबाट पाठ्यक्रम विकास, शिक्षण सिकाइ प्रक्रिया, विद्यार्थी मूल्याङ्कन, शिक्षक तालिम, सामग्री विकासका साथै अध्ययनका क्षेत्रमा नीति, कार्यक्रम र कार्यमा अपेक्षाकृत सुधार ल्याउन मदत पुग्ने छ । वि.सं. २०८२ (सन् २०२६) मा विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, (National Assessment of Student Achievement, NASA) कक्षा ५ को मूल परीक्षण पनि यही दिशामा केन्द्रित रहने गरी केन्द्रले तयारी गरेको छ ।

देशका सबै जिल्ला (मनाङबाहेक) बाट नमुना छनोट भएका विद्यालयका विद्यार्थीमा कक्षा ५ को नेपाली, अङ्ग्रेजी, गणित र विज्ञान तथा प्रविधि विषयमा मूल परीक्षण सञ्चालन हुँदै छ । यसले विद्यार्थीले हासिल गर्ने सक्षमता तथा सिकाइ उपलब्धिको परीक्षण गरी उनीहरूको सिकाइस्तर सुधारका लागि पृष्ठपोषण प्रदान गर्ने अपेक्षा गरिएको छ । परीक्षण सञ्चालन कार्यलाई स्तरीकृत बनाउन र एकरूपता ल्याउने उद्देश्यका साथ यो मार्गदर्शन पुस्तिकाको विकास गरिएको छ । यस पुस्तिकाले विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, कक्षा ५ को परीक्षणको सन्दर्भमा विभिन्न तह, निकाय, संस्था र व्यक्तिको भूमिकाको व्याख्या गरेको छ ।

परीक्षण सञ्चालन प्रक्रियालाई मर्यादित, विश्वसनीय बनाउनका लागि आम सरोकारवालाको भूमिका पक्कै पनि महत्त्वपूर्ण हुने गर्छ । यसबाट सही र शुद्ध तथ्याङ्क, सूचना प्राप्त भई देशको शैक्षिक प्रणालीको वास्तविक अवस्था आकलन गर्न सकिन्छ । यस कार्यका लागि सबै सरोकारवालाको सकारात्मक सहयोग, समन्वय र योगदान प्राप्त भई परीक्षण सञ्चालन कार्य सफल हुने छ भन्ने केन्द्रले विश्वास लिएको छ । यस विषयमा सरोकारवालाको रचनात्मक सुझावको अपेक्षा केन्द्रले गरेको छ ।

**जयराम अधिकारी**
महानिर्देशक

# विषयसूची


१. परिचय ..................................................... १

२. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, कक्षा ५ को परीक्षणमा प्रयोग हुने साधनको जानकारी ..................................................... १

३. परीक्षण सञ्चालनमा विभिन्न निकाय तथा व्यक्तिको भूमिका ..................................................... ३

(क) शैक्षिक गुणस्तर परीक्षण केन्द्र (Education Review Office, ERO) ..................................................... ३

(ख) शिक्षा विकास तथा समन्वय इकाइ (Education Development and Co-ordination Unit, EDCU) ..................................................... ३

(ग) स्थानीय तह (Local Level) ..................................................... ४

(घ) परीक्षण सञ्चालन हुने विद्यालय, प्रधानाध्यापक, विषय शिक्षक ..................................................... ५

(ङ) परीक्षण सञ्चालक (Test Administrator) ..................................................... ५

(च) अनुगमनकर्ता (Supervisor) ..................................................... ७

४. परीक्षण सञ्चालक (Test administrator) छनोटका आधार ..................................................... ७

५. अभिमुखीकरण कार्यशाला ..................................................... ८

अनुसूची १ ..................................................... ९

अनुसूची २ ..................................................... ११

अनुसूची ३ ..................................................... १४

अनुसूची ४ ..................................................... १५

अनुसूची ५ ..................................................... १६

अनुसूची ७ ..................................................... २१

अनुसूची ८ ..................................................... २२

अनुसूची ९ ..................................................... २३

## १. परिचय

कक्षा ५ को यस विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (National Assessment of Students Achievement, NASA) ले देशका सबै सामुदायिक तथा संस्थागत विद्यालयको प्रतिनिधित्व हुने गरी नमुना छनोटमार्फत सो कक्षामा अध्ययनरत बालबालिकाको उपलब्धि स्तरको समग्र अवस्थाका बारेमा सरोकारवालालाई जानकारी प्रदान गर्छ । विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणबाट प्राप्त नतिजालाई नीति तथा योजना निर्माण, पाठ्यक्रम विकास तथा परिमार्जन, शिक्षणका तौरतरिका र मूल्याङ्कन पद्धतिलगायतमा सुधारमार्फत विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार गर्न प्रयोग गरिन्छ ।

आर्थिक वर्ष २०८२/८३, शैक्षिक सत्र २०८२ मा विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण मनाङ जिल्लाबाहेक सबै जिल्लाबाट नमुना छनोटमा परेका १५०० विद्यालयमा सञ्चालन हुँदै छ । यस परीक्षणमा कक्षा ५ का नेपाली, अङ्ग्रेजी, गणित र विज्ञान तथा प्रविधि चारओटा विषयमा जम्मा ४३,५०० विद्यार्थी सहभागी हुने छन् । सबै विद्यालयमा परीक्षण सञ्चालनमा एकरूपता कायम गर्न र परीक्षणलाई एकरूपता दिने, स्तरीकृत गर्ने उद्देश्यका साथ यो मार्गदर्शन पुस्तिका विकास गरिएको हो । यस पुस्तिकामा विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण सञ्चालनका लागि विभिन्न निकाय तथा व्यक्तिको परीक्षणको सन्दर्भमा रहने भूमिका तथा जिम्मेवारीको व्याख्या गरिएको छ । यसमा परीक्षण सञ्चालक (Test Administrator) र अनुगमनकर्ताको अभिमुखीकरण कार्यक्रममा प्रस्तुत हुने विषयवस्तु र प्रतिवेदन ढाँचासमेत समावेश गरिएको छ ।

## २. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, कक्षा ५ को परीक्षणमा प्रयोग हुने साधनको जानकारी

कक्षा ५ को विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (National Assessment of Students Achievement, NASA) नेपाली, अङ्गेजी, गणित र विज्ञान तथा प्रविधि गरी चारओटा विषयमा गरिन्छ । परीक्षणमा प्रत्येक विषयमा समान कठिनाइ स्तरका तीन तीन सेट प्रश्नावली प्रयोग गरिन्छ । एउटा विद्यालयमा कुनै एक विषयको तीनओटै सेट प्रश्नावली प्रयोग गरिने छ । परीक्षणको सुरुमा विद्यार्थी पृष्ठभूमि प्रश्नावलीका लागि ३० मिनेट र त्यसपछि विषयगत परीक्षणका लागि दुई घण्टा गरी परीक्षणको समय अवधि कुल २ घण्टा ३० मिनेट हुने छ । थप समय आवश्यक भएमा समय थप्न सकिने छ । सबै विद्यार्थीले पृष्ठभूमि प्रश्नावली भरिसकेपछि, विषयगत परीक्षण खण्डका प्रश्नको जवाफ लेख्न लगाउनुपर्छ । विषयगत परीक्षणको अवधि दुई घण्टा कायम गरिएको छ । पृष्ठभूमि प्रश्नावली भर्ने समयमा

आवश्यकताअनुसार विद्यालयका शिक्षक र प्रधानाध्यापकको सहायता लिन सकिने छ, तर विषयगत परीक्षण खण्ड सुरु भएपछि शिक्षक, प्रधानाध्यापकको सहायता लिन पाइने छैन ।

**(क) परीक्षणका पृष्ठभूमि प्रश्नावली**

**प्रधानाध्यापकका लागि विद्यालय सर्वेक्षण प्रश्नावली :** यस प्रश्नावली प्रधानाध्यापक आफैँले नै भर्नुपर्ने छ । प्रश्नावलीमा भएका सबै सूचना अनिवार्य रूपमा विद्यार्थीको विषयगत परीक्षण सुरु हुनुअगाडि नै भर्नुपर्ने छ । यसबाट परीक्षणमा विद्यालयसम्बन्धी महत्त्वपूर्ण सूचना प्राप्त हुने छ ।

**विषय शिक्षकका लागि प्रश्नावली** : शिक्षकसम्बन्धी प्रश्नावली परीक्षणका लागि छनोट भएको कक्षा ५ का विषयहरू: नेपाली, अङ्ग्रेजी, गणित र विज्ञान तथा प्रविधिमध्ये जुन छनोट भएको छ सोही विषय उक्त कक्षामा अध्यापन गर्ने शिक्षकले नै भर्नुपर्ने छ । प्रश्नावलीमा भएका सबै सूचना अनिवार्य रूपमा भर्नुपर्ने छ । यो प्रश्नावली विद्यार्थीको विषयगत परीक्षण सुरु हुनुअगाडि नै भर्नुपर्ने छ । विषयगत शिक्षण सिकाइसम्बन्धी महत्त्वपूर्ण सूचना यसबाट प्राप्त हुनेछ ।

**विद्यार्थीका लागि प्रश्नावली :** विद्यार्थी प्रश्नावली विषयगत परीक्षण सेटमा नै अग्रभागमा दिइएको हुन्छ । यी प्रश्नावली ३ ओटा सेटमा नै उही हुन्छन् । यी प्रश्नावली विद्यार्थीको विषयगत परीक्षण सुरु हुनुअगाडि नै भराउनुपर्ने छ । यी प्रश्नावली भराउनका लागि तोकिएको समयमा शिक्षक वा प्रधानाध्यापकले सहयोग गर्न सक्नुहुने छ । यो भर्ने समय ३० मिनेट हुने छ । विद्यार्थीले यसमा भएका सबै विवरण अनिवार्य रूपमा भर्नुपर्ने छ । यस खण्डमा परीक्षण सञ्चालकले मार्गदर्शन गरी सबै विद्यार्थीले भरिसकेपछि विषयगत परीक्षण खण्डको जवाफ दिन लगाउनुपर्छ । विद्यालयको अभिलेखमा आधारित विवरण भर्नु परेमा प्रधानाध्यापक, शिक्षक र परीक्षण सञ्चालकले विद्यार्थीलाई सघाउनुपर्ने छ । विद्यार्थीको सिकाइ उपलब्धिको विश्लेषण गर्दा उनीहरूको पृष्ठभूमि सूचना महत्त्वपूर्ण हुने हुँदा यी सबै सूचना दिने प्रश्नावलीको जवाफ सोचेर, उचित र पूर्ण रूपमा दिनुपर्ने छ ।

**(ख) विषयगत तीन तीन सेट प्रश्न** : विद्यार्थीको परीक्षणका लागि नेपाली, अङ्ग्रेजी, गणित र विज्ञान तथा प्रविधि चारओटा विषयका ३/३ सेट प्रश्न रहने छन् । एकै बेन्चमा बस्ने वा नजिकै बस्ने विद्यार्थीलाई फरक सेटको प्रश्न दिइने छ । छनोट भएको कुनै एक विद्यालयमा कुनै एक विषयको मात्र परीक्षण हुने छ । विद्यार्थीले कुनै प्रश्न नछोडी उत्तर दिनुपर्ने छ । हरेक प्रश्नले विद्यार्थीको विभिन्न क्षमताको प्रतिनिधित्व गर्ने हुँदा सबै प्रश्नको जवाफ दिन सबै विद्यार्थीलाई निर्देशन दिनुपर्ने छ । सिकाइ उपलब्धिको यकिन गरी नीति, कार्यक्रम र अभ्यासमा सुधारका विषय सिफारिस तथा कार्यान्वयन गरिने हुँदा यो परीक्षण महत्त्वपूर्ण छ ।

विषयगत प्रश्नका लागि २ घण्टाको समय कायम गरिएको छ । आवश्यक भएमा उचित समय थप गर्न सकिने छ । विषयगत परीक्षणमा शिक्षक, प्रधानाध्यापक वा अन्य कसैको सहायता लिन पाइने छैन ।

## ३. परीक्षण सञ्चालनमा विभिन्न निकाय तथा व्यक्तिको भूमिका

### (क) शैक्षिक गुणस्तर परीक्षण केन्द्र (Education Review Office, ERO)

- लिखित र मौखिक परीक्षणका लागि परीक्षण साधन र परीक्षण सञ्चालकका लागि निर्देशन पुस्तिका विकास गरी छपाइ गर्ने र सोको गोपनीयता कायम गर्ने,
- शिक्षा विकास तथा समन्वय इकाइ र परीक्षण सञ्चालकका लागि परीक्षण सञ्चालनसम्बन्धी अभिमुखीकरण सञ्चालन गर्ने,
- परीक्षणसँग सम्बन्धित साधन तथा सामग्री अभिमुखीकरण सञ्चालन हुने स्थानसम्म पुऱ्याई सम्बन्धित इकाइलाई बुझाउने,
- परीक्षण सञ्चालन हुने जिल्लाका विद्यालय, विषय र विद्यार्थी सङ्ख्यासहितको विवरण इकाइमार्फत् प्राप्त गर्ने,
- परीक्षण सञ्चालनका लागि आवश्यकताअनुसार प्रदेशको शिक्षा हेर्ने मन्त्रालय, शिक्षा विकास निर्देशनालय, सम्बन्धित स्थानीय तह र विद्यालयसँग समन्वय गरी सहयोगका लागि आग्रह गर्ने, (**पत्रको ढाँचा अनुसूची ३, ४ र ५ मा रहेको छ ।**)
- परीक्षण कार्यको अनुगमन गर्ने,
- परीक्षणपश्चात् उत्तरपुस्तिका सङ्कलन गरी केन्द्रसम्म ल्याउने,
- परीक्षण सञ्चालनसम्बन्धी अन्य आवश्यक व्यवस्था गर्ने गराउने ।

### (ख) शिक्षा विकास तथा समन्वय इकाइ (Education Development and Co-ordination Unit, EDCU)

- केन्द्रबाट पठाइएका परीक्षण साधनहरू रुजु गरी बुझ्ने
- विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) कक्षा ५ को परीक्षण सञ्चालनका लागि मार्गदर्शन पुस्तिका अध्ययन गरी सोका प्रावधान पालना गर्ने गराउने,
- तोकिएको योग्यताअनुसारका परीक्षण सञ्चालक (Test Administrator) छनोट गरी नियुक्ति गर्ने,
- परीक्षण सञ्चालकका लागि अनिवार्य अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,

- अभिमुखीकरणमा सहभागी भएका परीक्षण सञ्चालक (Test Administrator-TA)लाई मात्र परीक्षणमा खटाउने,
- परीक्षणका लागि छनोट भएका विद्यालयमा केन्द्रले तोकेको मितिमा परीक्षण कार्य सञ्चालन गर्ने,
- परीक्षण साधनहरू परीक्षण सञ्चालकलाई उपलब्ध गराई प्रश्नपत्रको संरक्षण र गोपनीयताको सुनिश्चितता गर्ने,
- अभिमुखीकरणको समयमा प्रअ, शिक्षक र विद्यार्थी पृष्ठभूमि प्रश्नावली भर्ने सम्बन्धमा परीक्षण सञ्चालकलाई अभ्यास गराउने,
- परीक्षणमा सहभागी विद्यार्थीका लागि कालो वा निलो मसीयुक्त बलपेनको व्यवस्था गर्ने,
- कार्यरत शिक्षक र विद्यालय कर्मचारीलाई परीक्षण सञ्चालकका रूपमा काममा नखटाउने,
- सेवा निवृत्त शिक्षक वा कर्मचारी, कार्यरत कर्मचारी वा योग्यता प्राप्त स्वतन्त्र व्यक्तिलाई परीक्षण सञ्चालकका रुपमा छनोट गर्न सकिने,
- परीक्षण सञ्चालकलाई केन्द्रको निर्देशिका उपलब्ध गराउने र निर्धारित समयमा परीक्षण सञ्चालनका लागि खटाउने तथा अनुगमन गर्ने,
- अनुसूची ४ र ५ मा रहेको ढाँचाबमोजिम आवश्यकताअनुसार सम्बन्धित स्थानीय तह र विद्यालयलाई पत्राचार गर्ने,
- परीक्षण सञ्चालकलाई परीक्षण कार्य सम्पन्न भएपछि प्रयोग भएका र नभएका साधनहरूको विवरणसहित खामबन्दी गरेर इकाइसम्म ल्याउन लगाउने,
- परीक्षण सञ्चालकबाट प्राप्त भएका सबै परीक्षण सामग्री, प्रतिवेदन सुरक्षित रुपमा प्याकिङ गरी तोकिएबमोजिम केन्द्रमा बुझाउने ।

**(ग) स्थानीय तह (Local Level)**

- नमुना छनोटमा परेका विद्यालयलाई परीक्षणमा सहभागी गराउन सहजीकरण गर्ने,
- विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) कक्षा ५ को परीक्षण सञ्चालन कार्यमा शिक्षा विकास तथा समन्वय इकाइ, विद्यालय, परीक्षण सञ्चालकलाई आवश्यकताअनुसार सहयोग गर्ने ।
- शान्त, सुरक्षित र मर्यादित रूपमा परीक्षण सञ्चालनका लागि आवश्यक प्रबन्ध मिलाउने,

### (घ) परीक्षण सञ्चालन हुने विद्यालय, प्रधानाध्यापक, विषय शिक्षक

- इकाइले परीक्षण सञ्चालक (Test Administrator) लाई दिएको आधिकारिक पत्रका आधारमा परीक्षण सञ्चालन गर्न सहयोग गर्ने,
- परीक्षण सञ्चालन हुने दिन सम्बन्धित कक्षाका सबै विद्यार्थी अनिवार्य उपस्थित हुने वातावरण सुनिश्चित गर्ने,
- परीक्षणका लागि विद्यार्थीहरूलाई मनोवैज्ञानिक रूपमा तयार गराउने,
- परीक्षणका लागि कक्षाकोठा, फर्निचर र भौतिक पूर्वाधार, आवश्यक जनशक्ति उपलब्ध गराउने,
- परीक्षणसम्बन्धी साधन तथा सामग्रीहरू रूजु गर्ने,
- शान्त, सुरक्षित र मर्यादित रूपमा परीक्षण सञ्चालनका लागि आवश्यक प्रबन्ध मिलाउने,
- उत्तरपुस्तिकाको गोपनीयता कायम राख्ने,
- प्रधानाध्यापक तथा सम्बन्धित विषय शिक्षकले भर्नुपर्ने प्रश्नावली भर्ने, भराउने,
- आवश्यक तथ्याङ्क, सूचना उपलब्ध गराउने ।

### (ङ) परीक्षण सञ्चालक (Test Administrator)

परीक्षण सञ्चालक (Test Administrator) का कार्यलाई निम्नानुसार तीन चरणमा विभाजन गरिएको छ :

#### (अ) परीक्षणपूर्व

- इकाइले सञ्चालन गरेको अभिमुखीकरण कार्यक्रममा अनिवार्य सहभागी हुने,
- विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) कक्षा ५ को परीक्षण सञ्चालनका लागि मार्गदर्शन पुस्तिका अध्ययन गरी सोका प्रावधान पालना गर्ने,
- अनुसूची ८ बमोजिमका आवश्यक सामग्री रुजु गरी बुझ्ने,
- परीक्षण सञ्चालन हुने विद्यालयलाई परीक्षण हुने दिन, समयबारे पूर्व सूचना दिने,
- परीक्षणको समयभन्दा दुई घन्टा अगावै विद्यालयमा उपस्थित हुने

**(आ) परीक्षणको समय**

- परीक्षण कार्यलाई मर्यादित, शान्त र भयरहित वातावरणमा सञ्चालन गर्ने,
- आफ्नो परिचय खुल्ने प्रमाण साथमा राख्ने,
- नियमित रूपमा विद्यालय खुल्ने समय अवधिभित्र नै परीक्षण कार्य सञ्चालन गर्ने,
- इकाइबाट प्राप्त पत्र प्रधानाध्यापकलाई दिने र परीक्षणको उद्देश्यबारे सम्बद्ध सबैलाई प्रस्ट पार्ने,
- प्रधानाध्यापक तथा सम्बन्धित विषय शिक्षकलाई परीक्षण सुरू हुनु अगावै पृष्ठभूमि प्रश्नावली भर्न सहजीकरण गर्ने, सबै विवरण भरिएको सुनिश्चित गर्ने,
- कक्षा ५ मा अध्ययनरत विद्यार्थीलाई मात्र छनोट गर्ने ।
- तोकिएको विद्यालयबाट परीक्षणका लागि विद्यार्थी छनोट गर्दा २९ जनासम्म विद्यार्थी भएमा सबै विद्यार्थीलाई सहभागी गराउने र २९ जनाभन्दा बढी विद्यार्थी भएमा चिट्ठा विधिबाट छनोट गरी परीक्षणमा सहभागी गराउने । यसो गर्दा छात्र, छात्रा वा अन्यको अनुपात सकभर बराबर बनाउने,
- परीक्षण सञ्चालनका लागि अनिवार्य रूपमा कक्षाकोठाभित्र बसाइ व्यवस्थापन गर्ने, यसरी व्यवस्थापन गर्दा एउटा बेञ्चमा बढीमा दुईजना विद्यार्थी पर्ने गरी फरक फरक प्रश्न सेट वितरण गर्ने,
- सबै विद्यार्थीलाई परीक्षणको उद्देश्यका बारेमा प्रस्ट पार्ने,
- परीक्षणमा सहभागी विद्यार्थीलाई इकाइबाट प्राप्त भएको कालो वा निलो मसीयुक्त बलपेन उपलब्ध गराउने,
- परीक्षण साधन भएको प्याकेटको सिल टुटे नटुटेको सुनिश्चित गरी यदि सिल टुटेको भएमा मुचुल्का गरी प्रतिवेदनसँगै बुझाउने तर सबै विद्यार्थीलाई निर्देशनअनुसार परीक्षण पुस्तिका वितरण गरी परीक्षण सञ्चालन गर्ने,
- सबै विद्यार्थीलाई परीक्षण पुस्तिकामा उत्तर लेख्ने तरिका प्रस्ट पारेर अनिवार्य रुपमा पृष्ठभूमि प्रश्नावली र विषयगत प्रश्नको जवाफ दिन लगाउने,
- परीक्षण पुस्तिकाको आवरण पृष्ठमा भएका सूचना एवम् पृष्ठभूमि प्रश्नावली अनिवार्य भर्नको लागि विद्यार्थीहरुलाई आवश्यकताअनुसार सहजीकरण गर्ने, सबै विद्यार्थीले पृष्ठभूमि प्रश्नावली भरेपछि विषयगत परीक्षणको जवाफ दिन लगाउने,
- परीक्षकले भर्नुपर्ने विवरण भर्ने, भराउने,
- परीक्षण सञ्चालनको समयमा परीक्षण सञ्चालन भएको कोठामा असम्बन्धित व्यक्तिलाई प्रवेश गर्न नदिने,

- विद्यार्थी परीक्षणमा विषयगत प्रश्नको जवाफ सिकाउने कार्य नगर्ने, नगराउने,
- विद्यार्थीलाई तोकिएको समय अवधिभर परीक्षण कोठामा अनिवार्य बसी सबै प्रश्नको जवाफ दिन सहजीकरण गर्ने,
- परीक्षणमा तोकिएको समयावधि अपुग भएमा आवश्यकता अनुसार समय अवधि थप गर्ने,
- प्रश्नावलीमा कुनै त्रुटि छ भन्ने जानकारी पाइएमा परीक्षण सञ्चालकले आफ्नो प्रतिवेदनमा सोको जानकारीसमेत संलग्न गर्ने तर प्रश्न सच्याउने वा तत्काल कुनै निकायमा सोधखोज वा खबर नगर्ने,
- **अनुसूची ७** अनुसार परीक्षण सञ्चालनका क्रममा गर्ने कार्य रुजु गर्ने ।

**(इ) परीक्षणपश्चात्**

- प्रधानाध्यापक, विषय शिक्षक, विद्यार्थीसम्बन्धी प्रश्नावली, परीक्षण साधनका सबै विवरण भरिएको सुनिश्चित गर्ने,
- प्रयोग भएका तथा नभएका सबै परीक्षण सामग्री खामबन्दी गर्ने, परीक्षणमा प्रयोग नभएका साधन कसैलाई पनि नदिने,
- तोकिएको ढाँचामा प्रतिवेदन (अनुसूची १) तयार गरी इकाइमा बुझाउने,
- परीक्षण समाप्त भएपछि खामबन्द सबै परीक्षण साधनहरू छिटो र सुरक्षित माध्यमबाट इकाइमा बुझाउने ।

**(च) अनुगमनकर्ता (Supervisor)**

- परीक्षणको गुणस्तर सुनिश्चित गर्नका लागि अभिमुखीकरण कार्यक्रममा सहभागी भएका व्यक्तिबाट मात्र अनुगमन गर्ने,
- परीक्षण सञ्चालनका अनुभव, चुनौती र सुझावसहितको प्रतिवेदन **अनुसूची २** बमोजिम केन्द्रमा पठाउने ।

## ४. परीक्षण सञ्चालक (Test administrator) छनोटका आधार

परीक्षण सञ्चालक छनोटका आधार यसप्रकार हुने छः

- नेपाली नागरिक,
- स्नातक तह वा सो सरह उत्तीर्ण गरेको,

- कार्यरत शिक्षक र विद्यालय कर्मचारीलाई परीक्षण सञ्चालकका रूपमा काममा नखटाउने,
- सेवा निवृत्त शिक्षक वा कर्मचारी, कार्यरत कर्मचारी वा योग्यता प्राप्त स्वतन्त्र व्यक्तिलाई परीक्षण सञ्चालकका रुपमा छनोट गर्न सकिने,
- समन्वयात्मक भूमिका निर्वाह गर्न सक्ने,
- महिला र पुरूषको अनुपात मिलाउने,

## ५. अभिमुखीकरण कार्यशाला

परीक्षण सञ्चालन गर्नुपूर्व नमुना छनोटमा परेका सबै जिल्लाका शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख वा परीक्षणमा जिम्मेवार कर्मचारीलाई केन्द्रबाट परीक्षण सञ्चालनबारे अभिमुखीकरण गरिने छ । जिल्लामा परीक्षण सञ्चालक (Test Administrator) तथा अनुगमनकर्ताका लागि अभिमुखीकरण कार्यशाला शिक्षा विकास तथा समन्वय इकाइबाट अभिमुखीकरण प्राप्त व्यक्तिमार्फत् सञ्चालन गरिने छ ।

# अनुसूची १

## परीक्षण सञ्चालक (Test Administrator) को प्रतिवेदन

१. कार्यक्रमः विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, (NASA) कक्षा ५, २०८२

२. परीक्षण सञ्चालन मिति : २०८२।....।.....गते समयः ............बजेदेखि .........बजेसम्म

३. परीक्षण गरिएको विद्यालयको नाम : ..........................................

विद्यालयको IEMIS कोड :............................................

४. विद्यालयको ठेगाना : प्रदेश ............जिल्ला.............. स्थानीय तहः ......... वडा न. ....

५. परीक्षण गरिएको विषय : ........................................................

६. कक्षा ५ मा कुल विद्यार्थी सङ्ख्या :.............

परीक्षणमा सहभागी विद्यार्थीः कुल सङ्ख्या .............छात्र :............ छात्रा :............

७. बसाइ व्यवस्थापन मार्गदर्शन पुस्तिकाबमोजिम : भयो ☐ भएन ☐

८. परीक्षण सञ्चालनका लागि विद्यालयमा तयारी गर्ने क्रममा देखिएका सकारात्मक पक्ष

.......................................................................................................................

.......................................................................................................................

९. परीक्षणका क्रममा देखिएका सुधार गर्नुपर्ने पक्ष

.......................................................................................................................

.......................................................................................................................

१०. प्रश्नपत्रमा छपाइसम्बन्धी कुनै त्रुटि भएको जानकारी : छ ☐ छैन ☐

त्रुटि भएका सेट र प्रश्न न.: ........................................................................................

त्रुटि छ भने, विवरणः .................................................................................................

.......................................................................................................................

हुनुपर्ने विवरणः ..............................................................................................

विद्यालयको प्रधानाध्यापकको नामः ..............................................

प्रधानाध्यापकको मोबाइल नम्बर ...............................................

परीक्षण गरिएको विद्यालयको छाप

परीक्षण सञ्चालक (Test Administrator) को नामः ..............................................

ठेगाना :

दस्तखत :

मोबाइल नम्बर :

**(द्रष्टव्यः विद्यालयमा परीक्षणका समयमा फोटो खिच्दा सम्बन्धित पक्षको स्वीकृति लिएर मात्र खिच्नुपर्ने छ, प्रतिवेदनसाथ पेस गर्नुपर्ने छ, तर सामाजिक सञ्जालमा राख्न पाइने छैन ।)**

# अनुसूची २

## अनुगमनकर्ताको प्रतिवेदन

**कार्यक्रमः विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, (NASA) कक्षा ५, २०८२**

**परीक्षण सञ्चालन गर्ने निकाय : शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर**

१. परीक्षण सञ्चालन मिति : २०८२।......।...... गते, समयः .............बजेदेखि ..................बजेसम्म

२. परीक्षण गरिएको विद्यालयको नाम.............................................................................

इमिस न.: ................................

विद्यालयको ठेगाना : प्रदेश ................जिल्ला.................. स्थानीय तहः .......................... वडा न. ....

३. अवस्थिति : (क) महानगरपालिका ☐ (ख) उपमहानगरपालिका ☐ (ग) नगरपालिका ☐ (घ) गाउँपालिका ☐

४. परीक्षण गरिएको विषयः ..............................................................

५. कक्षा ५ मा कुल विद्यार्थी सङ्ख्याः ...........परीक्षणमा सहभागी विद्यार्थीः कुल सङ्ख्या........छात्र.... छात्रा......

६. बसाइ व्यवस्थापन मार्गदर्शन पुस्तिकाबमोजिम : भयो ☐ भएन ☐

७. परीक्षण सञ्चालकलाई सोधिने प्रश्नहरू

नामः ठेगानाः

शैक्षिक योग्यताः

NASA वा NARN परीक्षण सञ्चालकको रूपमा पूर्व अनुभव भए वा नभएको :

| क्र.स. | विवरण तथा कार्यसम्पादन | हो वा छ | होइन वा छैन | अनुभूति वा टिप्पणी |
|---|---|---|---|---|
| १ | शिक्षा विकास तथा समन्वय इकाइले सञ्चालन गरेको अभिमुखीकरणमा सहभागी भएको | | | |
| २ | परीक्षण सञ्चालक (Test Administrator) ले आफ्नो नागरिकता वा सवारी लाइसेन्स वा सोसरहको आफ्नो परिचय खुल्ने परिचयपत्र आफूसँग राखेको | | | |
| ४ | परीक्षण सञ्चालन हुने विद्यालयमा परीक्षण हुने दिनको पूर्व सूचना दिएको | | | |

| क्र.स. | विवरण तथा कार्यसम्पादन | हो वा छ | होइन वा छैन | अनुभूति वा टिप्पणी |
|---|---|---|---|---|
| ५ | परीक्षणको समयभन्दा दुई घन्टाअघि नै विद्यालयमा उपस्थित भई प्रधानाध्यापकसँग सम्पर्क गरेको | | | |
| ६ | नमुना (Sampling) मा तोकिएभन्दा कम विद्यार्थी हुँदा सबै विद्यार्थी र तोकिएभन्दा बढी विद्यार्थी भए चिट्ठा विधिबाट तोकिएका सङ्ख्याका विद्यार्थी छनोट गरी परीक्षणमा सहभागी गराएको | | | |
| ७ | छनोटमा परेका सबै विद्यार्थीलाई परीक्षणको उद्देश्य प्रस्ट पारेको | | | |
| ८ | परीक्षण पुस्तिकाको आवरण पृष्ठमा भएका सूचना स्पष्टसँग भर्न र विषयगत उपकार्यहरू गर्न विद्यार्थीलाई सहजीकरण गरेको | | | |
| ९ | परीक्षण मर्यादित र भयरहित वातावरणमा सञ्चालन भएको | | | |
| १० | परीक्षणका लागि विद्यालयले सहयोग र समन्वय गरेको | | | |

८. परीक्षणका क्रममा देखिएका सकारात्मक पक्ष

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

९. परीक्षणका क्रममा देखिएका सुधार गर्नुपर्ने पक्ष

..........................................................................................................

..........................................................................................................

१०. प्रश्नपत्रमा कुनै त्रुटि : छ छैन

त्रुटि भएका सेट र प्रश्न न. :..............................................

त्रुटि भए कस्तो त्रुटि

..........................................................................................................

..........................................................................................................

के हुनुपर्ने

..............................................................................................................................

..............................................................................................................................

११. परीक्षक तथा परीक्षणसम्बन्धी समग्र धारणा

..............................................................................................................................

..............................................................................................................................

विद्यालयको प्रधानाध्यापकको नामः ..............................................................................

दस्तखतः...............................

प्रअको मोबाइल नम्बर.......................................... अनुगमन गरिएको विद्यालयको छाप

दस्तखतः...........................................................

अनुगमनकर्ताको नामः .......................................

पद/जिम्मेवारी/कार्यालयः ........................................

मोबाइल नम्बर....................................................

**(द्रष्टव्यः विद्यालयमा परीक्षणका समयमा फोटो खिच्दा सम्बन्धित पक्षको स्वीकृति लिएर मात्र खिच्नुपर्ने छ, प्रतिवेदनसाथ पेस गर्नुपर्ने छ, तर सामाजिक सञ्जालमा राख्न पाइने छैन ।)**

# अनुसूची ३

मितिः. ..................

**विषयः विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, कक्षा ५ सञ्चालनसम्बन्धमा ।**

श्री ...................................⁄शिक्षा विकास निर्देशनालय

.......................... प्रदेश ।

........................................

विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (National Assessment of Student Assessment, NASA) गरी जवाफदेहितामा वृद्धि गर्ने, नतिजामा सुधार गर्नका लागि आवश्यक पृष्ठपोषण प्रदान गर्ने मुख्य उद्देश्यका साथ यस केन्द्रको स्थापनापश्चात् आवधिक रूपमा निश्चित सङ्ख्यामा विभिन्न कक्षा र विषयमा विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण गर्ने कार्य हुँदै आएको छ । यसै सन्दर्भमा यस केन्द्रको आर्थिक वर्ष २०८२⁄८३ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार कक्षा ५ को नेपाली, अङ्ग्रेजी, गणित र विज्ञान तथा प्रविधि विषयमा मिति २०८२ .................................. मा विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, कक्षा ५ सञ्चालन हुने भएकाले सो कार्यका लागि आवश्यक समन्वय र सहयोग गरिदिनुहुन अनुरोध छ ।

............................
महानिर्देशक

# अनुसूची ४

**मितिः.....................................**

**विषयः विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, कक्षा ५ सञ्चालनसम्बन्धमा ।**

श्री ......................................नगरपालिका/गाउँपालिका

......................... जिल्ला

विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (National Assessment of Student Assessment, NASA) गरी जवाफदेहितामा वृद्धि गर्ने, नतिजामा सुधार गर्नका लागि आवश्यक पृष्ठपोषण प्रदान गर्ने मुख्य उद्देश्यका साथ शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापनापश्चात् आवधिक रूपमा निश्चित सङ्ख्यामा विभिन्न कक्षा र विषयमा विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण गर्ने कार्य केन्द्रबाट हुँदै आएको छ । यसै सन्दर्भमा आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार कक्षा ५ को नेपाली, अङ्ग्रेजी, गणित र विज्ञान तथा प्रविधि विषयमा मिति २०८२..................................... मा विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, कक्षा ५ कार्यक्रम सञ्चालनमा त्यस स्थानीय तहअन्तर्गत देहायका विद्यालय नमुना छनोटमा परेको हुँदा परीक्षण सञ्चालन कार्यका लागि यस इकाइबाट खटिई आउनुभएका परीक्षण सञ्चालकलाई आवश्यक समन्वय र सहयोग गरिदिनुहुन अनुरोध छ ।

<u>परीक्षणमा छनोट भएका विद्यालय</u>

............................
इकाइ प्रमुख

१.

२.

# अनुसूची ५

मितिः ....................

**विषय : विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, कक्षा ५ सञ्चालनसम्बन्धमा ।**

श्री प्रधानाध्यापकज्यू,

..............................विद्यालय

.............................................।

विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (National Assessment of Student Assessment, NASA) गरी जवाफदेहितामा वृद्धि गर्ने, नतिजामा सुधार गर्नका लागि आवश्यक पृष्ठपोषण प्रदान गर्ने मुख्य उद्देश्यका साथ शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापनापश्चात् आवधिक रूपमा निश्चित सङ्ख्यामा विभिन्न कक्षा र विषयमा विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण गर्ने कार्य हुँदै आएको छ । यसै सन्दर्भमा आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार कक्षा ५ को नेपाली, अङ्ग्रेजी, गणित र विज्ञान तथा प्रविधि विषयमा मिति २०८२.................................... मा विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, कक्षा ५ कार्यक्रममा यस विद्यालय परीक्षणका लागि छनोटमा परेकाले र सो कार्यका लागि यस इकाइबाट खटिई आउनुभएका परीक्षण सञ्चालक श्री ........................................................लाई आवश्यक समन्वय र सहयोग गरिदिनुहुन अनुरोध छ ।

............................

इकाइ प्रमुख

# अनुसूची ६

**नेपाल सरकार**
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
**शिक्षा तथा मानवस्रोत विकास केन्द्र**
**शिक्षा विकास तथा समन्वय इकाइ**
..................................

**शिक्षा विकास तथा समन्वय इकाइ ........................................ र श्री....................................**
**बिच विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण** (National Assessment of Student Assessment, NASA)
**कक्षा ५ को परीक्षण सञ्चालनसम्बन्धी भएको सेवा करार सम्झौता पत्र ।**

**प्रस्तावना**

शैक्षिक गुणस्तर परीक्षण केन्द्र (Education Review Office, ERO) ले वि.सं. २०६८ (सन् २०११) देखि नै विद्यालय तहमा विभिन्न कक्षा र विषयमा राष्ट्रिय सर्वेक्षणका माध्यमबाट विद्यार्थी उपलब्धिको परीक्षण गरी राष्ट्रिय रूपमा विद्यार्थी उपलब्धिको अवस्थाबारेमा सरोकारवालालाई पृष्ठपोषण प्रदान गर्ने कार्य गरिरहेको छ । यस अध्ययनबाट समग्रमा विद्यालय शिक्षामा देशको सिकाइ उपलब्धिको अवस्था के छ ? विभिन्न क्षेत्र, लिङ्ग, जातजाति, भाषिक समुदाय, विद्यालयको अवस्थिति आदिका आधारमा विद्यार्थीको सिकाइ उपलब्धिको अवस्था के छ ? विद्यार्थीको सिकाइ उपलब्धिमा कुन कुन तत्त्वले कसरी प्रभाव पारेका छन् ? आदि विषयमा प्रमाण प्रस्तुत गरेका छन् । यसबाट पाठ्यक्रम विकास तथा कार्यान्वयन, शिक्षण सिकाइ प्रक्रिया, शिक्षक तालिम तथा सामग्री विकासलगायत विषयमा नीति, कार्यक्रम र अभ्यासमा अपेक्षाकृत सुधार ल्याउन मदत पुग्ने छ । यसै सन्दर्भमा यसै शैक्षिक सत्र २०८२ मा विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, कक्षा ५ सञ्चालन हुँदै छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्र (Education Review Office, ERO) को विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, कक्षा ५ को विद्यालय तहमा सञ्चालनका लागि तोकिएका कार्यसर्तको अधीनमा रही परीक्षण सञ्चालनका लागि शिक्षा विकास तथा समन्वय इकाइ ..........................................(यसपछि प्रथम पक्ष भनिने) र परीक्षकका रूपमा काम गर्न इच्छुक हाल .....................................जिल्ला.......................................गाउँ/.........नगरपालिका.......वडा बस्ने श्री .............................................................(यसपछि दोस्रो पक्ष/ परीक्षण सञ्चालक (Test Administrator) भनिने) बिच भएको सेवा करार सम्झौता,

(क्रम सङ्ख्या (क) देखि क्रम सङ्ख्या (घ) सम्म समावेश गरिएका सबै प्रावधानलाई यस सम्झौताको प्रयोजनका लागि कार्यसर्त मानिने छ ।)

**(क) दोस्रो पक्षले गर्नुपर्ने कामको विवरण:**

**(अ) परीक्षणपूर्व**

- इकाइले सञ्चालन गरेको अभिमुखीकरण कार्यक्रममा अनिवार्य सहभागी हुने,

- विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) कक्षा ५ को परीक्षण सञ्चालनका लागि मार्गदर्शन पुस्तिका अध्ययन गरी सोका प्रावधान पालना गर्ने,
- **अनुसूची ८ बमोजिमका** आवश्यक सामग्री रुजु गरी बुझ्ने,
- परीक्षण सञ्चालन हुने विद्यालयलाई परीक्षण हुने दिन, समयबारे पूर्व सूचना दिने,
- परीक्षणको समयभन्दा दुई घन्टा अगावै विद्यालयमा उपस्थित हुने

## (आ) परीक्षणको समय

- परीक्षण कार्यलाई मर्यादित, शान्त र भयरहित वातावरणमा सञ्चालन गर्ने,
- आफ्नो परिचय खुल्ने प्रमाण साथमा राख्ने,
- नियमित रूपमा विद्यालय खुल्ने समय अवधिभित्र नै परीक्षण कार्य सञ्चालन गर्ने,
- इकाइबाट प्राप्त पत्र प्रधानाध्यापकलाई दिने र परीक्षणको उद्देश्यबारे सम्बद्ध सबैलाई प्रस्ट पार्ने,
- प्रधानाध्यापक तथा सम्बन्धित विषय शिक्षकलाई परीक्षण सुरु हुनुअगावै पृष्ठभूमि प्रश्नावली भर्न सहजीकरण गर्ने, सबै विवरण भरिएको सुनिश्चित गर्ने,
- कक्षा ५ मा अध्ययनरत विद्यार्थीलाई मात्र छनोट गर्ने ।
- तोकिएको विद्यालयबाट परीक्षणका लागि विद्यार्थी छनोट गर्दा २९ जनासम्म विद्यार्थी भएमा सबै विद्यार्थीलाई सहभागी गराउने र २९ जनाभन्दा बढी विद्यार्थी भएमा चिट्ठा विधिबाट छनोट गरी परीक्षणमा सहभागी गराउने । यसो गर्दा छात्र, छात्रा वा अन्यको अनुपात सकभर बराबर बनाउने,
- परीक्षण सञ्चालनका लागि अनिवार्य रूपमा कक्षाकोठाभित्र बसाइ व्यवस्थापन गर्ने, यसरी व्यवस्थापन गर्दा एउटा बेञ्चमा बढीमा दुईजना विद्यार्थी पर्ने गरी फरक फरक प्रश्न सेट वितरण गर्ने,
- सबै विद्यार्थीलाई परीक्षणको उद्देश्यका बारेमा प्रस्ट पार्ने,
- परीक्षणमा सहभागी विद्यार्थीलाई इकाइबाट प्राप्त भएको कालो वा निलो मसीयुक्त बलपेन उपलब्ध गराउने,
- परीक्षण साधन भएको प्याकेटको सिल टुटे नटुटेको सुनिश्चित गरी यदि सिल टुटेको भएमा मुचुल्का गरी प्रतिवेदनमा उल्लेख गर्ने तर सबै विद्यार्थीलाई निर्देशनअनुसार परीक्षण पुस्तिका वितरण गरी परीक्षण सञ्चालन गर्ने,
- सबै विद्यार्थीलाई परीक्षण पुस्तिकामा उत्तर लेख्ने तरिका प्रस्ट पारेर अनिवार्य रुपमा सबै पृष्ठभूमि प्रश्नावली र विषयगत प्रश्न सबैको जवाफ दिन लगाउने,
- परीक्षण पुस्तिकाको आवरण पृष्ठमा भएका सूचना एवम् पृष्ठभूमि प्रश्नावली अनिवार्य भर्नका लागि विद्यार्थीहरूलाई आवश्यकताअनुसार सहजीकरण गर्ने, सबै विद्यार्थीले पृष्ठभूमि प्रश्नावली भरेपछि विषयगत परीक्षणको जवाफ दिन लगाउने,
- परीक्षकले भर्नुपर्ने विवरण भर्ने, भराउने,

- परीक्षण सञ्चालनको समयमा परीक्षण सञ्चालन भएको कोठामा असम्बन्धित व्यक्तिलाई प्रवेश गर्न नदिने,
- विद्यार्थी परीक्षणमा विषयगत प्रश्नको जवाफ सिकाउने कार्य नगर्ने, नगराउने,
- विद्यार्थीलाई तोकिएको समय अवधिभर परीक्षण कोठामा अनिवार्य बसी सबै प्रश्नको जवाफ दिन सहजीकरण गर्ने,
- परीक्षणमा तोकिएको समयावधि अपुग भएमा उचित समय थप गर्ने, सो विषय प्रतिवेदनमा लेख्ने,
- प्रश्नावलीमा कुनै त्रुटि छ भन्ने जानकारी पाइएमा परीक्षण सञ्चालकले आफ्नो प्रतिवेदनमा सोको जानकारीसमेत संलग्न गर्ने तर प्रश्न नसच्याउने, तत्काल कुनै निकायमा सोधखोज वा खबर नगर्ने,
- **अनुसूची ७** अनुसार परीक्षण सञ्चालनका क्रममा गर्ने कार्य रुजु गर्ने ।

**(इ) परीक्षणपश्चात्**

- प्रधानाध्यापक, विषय शिक्षक, विद्यार्थीसम्बन्धी प्रश्नावली, परीक्षण साधनका सबै विवरण भरिएको सुनिश्चित गर्ने,
- प्रयोग भएका तथा नभएका सबै परीक्षण सामग्री खामबन्दी गर्ने, परीक्षणमा प्रयोग नभएका साधन कसैलाई पनि नदिने,
- तोकिएको ढाँचामा प्रतिवेदन (अनुसूची १) तयार गरी इकाइमा बुझाउने,
- परीक्षण समाप्त भएपछि खामबन्द सबै परीक्षण साधनहरू छिटो र सुरक्षित माध्यमबाट इकाइमा बुझाउने ।

**(ख) प्रथम पक्षले दोस्रो पक्षलाई प्रदान गर्ने सुविधा तथा सामग्री**

- तोकिएका कार्य सम्पन्न गर्नका लागि आवश्यक सूचना र सामग्री तथा साधन प्रदान गर्ने
- अभिमुखीकरण तालिम प्रदान गर्ने
- क्रमसङ्ख्या (क) अन्तर्गत उल्लिखित कार्य परिणाम (outputs), प्रवाह (deliver) गरेबापत प्रति विद्यालयको सुविधा रू ………….. दरले कुल रु ………………………भुक्तानी गर्ने

**(ग) दोस्रो पक्षले सम्पन्न गर्नुपर्ने कार्य परिणाम** (outputs) **तथा पेस गर्नुपर्ने सामग्री तथा प्रतिवेदन**

- परीक्षण कार्य सञ्चालनका लागि तोकिएका विद्यालयहरू

  १. ……………………………………………………………………………………

  २ ……………………………………………………………………………………

  ३ ……………………………………………………………………………………

- परीक्षण गरिएका र बाँकी रहेका सम्पूर्ण परीक्षण सामग्री
- परीक्षण सञ्चालकको प्रतिवेदन

**(घ) रकम भुक्तानी प्रबन्ध**

दोस्रो पक्षबाट क्रमसङ्ख्या (ख) अन्तर्गत उल्लिखित कार्य सम्पन्न गरी क्रमसङ्ख्या (ग) अन्तर्गत उल्लिखित सम्पूर्ण कार्य परिणाम (outputs) पेस गरेपछि प्रथम पक्षबाट क्रमसङ्ख्या (ग) अन्तर्गत उल्लिखित सम्झौता रकम भुक्तानी गरिने छ । रकम भुक्तानीका लागि प्रथम पक्षबाट पारिश्रमिक रकममा नियमानुसार करकट्टी गरिने छ ।

**दोस्रो पक्षको तर्फबाट**
**नाम थरः**
**पदः परीक्षण सञ्चालक** (Test Administrator)
**हस्ताक्षरः**
**सम्पर्क नम्बरः**
**बैङ्क खाता न.:**
**बैङ्कको नाम र शाखाः**
**पान न.:**

**प्रथम पक्षको तर्फबाट**
**नाम थरः**
**पदः**
**हस्ताक्षरः**

**रोहवर**
**नाम थरः**
**पदः**
**हस्ताक्षरः**
**मितिः**

## अनुसूची ७

**परीक्षण सञ्चालक** (Test Administrator) **का लागि क्रियाकलाप रूजुसूची**

| क्र.स. | क्रियाकलाप | रुजु |
|---|---|---|
| १. | अभिमुखीकरणमा भाग लिने | ☐ |
| २. | परीक्षण गर्नुपर्ने विद्यालयको नाम, प्रधानाध्यापकको नाम र सम्पर्क टेलिफोन आदि लिने | ☐ |
| ३. | परीक्षणपूर्व नै प्रधानाध्यापकलाई परीक्षण, परीक्षणको दिन, समयबारे जानकारी गराउने | ☐ |
| ४. | परीक्षण कार्य सुरु गर्नुपहिले परीक्षण सञ्चालन मार्गदर्शन पुस्तिका राम्ररी अध्ययन गर्ने | ☐ |
| ५. | परीक्षणको दिन प्रधानाध्यापकलाई इकाइको पत्र बुझाउने, परीक्षणबारे बताउने | ☐ |
| ६. | प्रधानाध्यापक र सम्बन्धित कक्षाको विषय शिक्षकलाई पृष्ठभूमि प्रश्नावली भर्न सहजीकरण गर्ने, | ☐ |
| ७. | परीक्षणका लागि बसाइ व्यवस्थापन गर्ने तथा प्रत्येक विद्यार्थीलाई लेख्नका लागि बलपेनको व्यवस्था गर्ने | ☐ |
| ८. | विद्यार्थीलाई कापी, किताब र अन्य सामाग्री परीक्षण कोठामा लैजान नदिने | ☐ |
| ९. | परीक्षणका लागि नमुनामा छनोट भएका विद्यालयमा तोकिएको सङ्ख्याभन्दा बढी विद्यार्थी भएमा चिट्ठा विधिबाट विद्यार्थीको छनोट गर्ने | ☐ |
| १०. | विद्यार्थीलाई परीक्षणको उद्देश्य र परीक्षणका क्रममा पालना गर्नुपर्ने नियम स्पष्ट पार्ने | ☐ |
| ११. | कक्षामा बालबालिकासँग नम्र भई मायालु व्यवहार देखाउने | ☐ |
| १२. | परीक्षा सुरु भएको समय नोट गरी दुई घण्टा ३० मिनेट अवधि परीक्षण सञ्चालन गर्ने, विद्यार्थीलाई समयको जानकारी गराउने | ☐ |
| १३. | परीक्षण सञ्चालन मार्गदर्शन पुस्तिकामा उल्लेख भएका प्रावधानलाई अनिवार्य रूपमा अनुसरण गर्ने | ☐ |
| १४. | विद्यार्थीलाई सुरुमा पृष्ठभूमि प्रश्नावली भराउने, सबै प्रश्नावली अनिवार्य भराउने | ☐ |
| १५. | विषयगत परीक्षणका सबै प्रश्नको जवाफ दिन अनिवार्य रहेको बताउने | ☐ |
| १६. | नक्कल गर्ने, सिकाउने र छलफल गर्ने कार्यमा पूर्ण बन्देज लगाई परीक्षणलाई मर्यादित बनाउने | ☐ |
| १७. | परीक्षणपछि प्रयोग भएका र नभएका परीक्षण सबै साधन, पुस्तिका गनेर खामबन्दी गरी इकाइमा बुझाउने | ☐ |
| १८. | दिइएको ढाँचामा प्रतिवेदन लेखेर विद्यालयको छाप र प्रअको हस्ताक्षर गराई इकाइमा बुझाउने | ☐ |

## अनुसूची ८

**परीक्षण सञ्चालक** (Test Administrator) **ले परीक्षणका लागि लैजानुपर्ने सामग्रीको रुजुसूची**

परीक्षण हुने विषय :

परीक्षण सञ्चालन हुने मिति ....................... परीक्षण सञ्चालन हुने विद्यालय..................

| क्र.स. | सामग्री | सङ्ख्या | रुजु |
|---|---|---|---|
| १ | विद्यालयको पत्र | १ | ☐ |
| २ | विद्यार्थीको प्रश्नावली, परीक्षण साधन खामबन्दी १ | २९ | ☐ |
| ३ | प्रधानाध्यापक र विषय शिक्षक पृष्ठभूमि प्रश्नावली १।१(विद्यार्थी प्रश्नावलीको खामबन्दीमा रहने) | २ | ☐ |
| ४ | परीक्षण सञ्चालन मार्गदर्शन | १ | ☐ |
| ५ | बलपेन | २९ | ☐ |
| ६ | Test Administrator प्रतिवेदन फाराम | १ | ☐ |

परीक्षणपश्चात् माथिका सामग्री रुजु गरी खामबन्दी गर्ने

## अनुसूची ९
## परीक्षण मर्यादित बनाउन ध्यान दिनुपर्ने कुरा

विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (National Assessment of Student Achievement-NASA), कक्षा ५, २०८२ परीक्षण कार्य सञ्चालनका लागि मार्गनिर्देशन

| |
|---|
| परीक्षण सञ्चालक (Test Administrator) हरूले तलका निर्देशन अध्ययन गरी सोहीअनुसार परीक्षण कार्य सम्पन्न गराउनुहोस् । |

१. इकाइबाट विद्यालयको सम्पर्क विवरण लिनुहोस् र प्रधानाध्यापकसँग समन्वय र सहकार्य गरी परीक्षणको समय निर्धारण गर्नुहोस् र आफ्नो डायरीमा टिपोट गर्नुहोस् । विद्यालय नियमित सञ्चालन हुने समयमा नै परीक्षण सञ्चालन गर्नुपर्ने छ ।

२. परीक्षण सञ्चालन गर्ने दिन परीक्षण सञ्चालन हुनुभन्दा २ घण्टाअगाडि नै विद्यालयमा पुग्नुहोस् ।

३. प्रधानाध्यापकसँग परीक्षण समय अवधि विषयका लागि दुई घण्टा र पृष्ठभूमि प्रश्नावलीको ३० मिनेट गरी जम्मा २ घण्टा ३० मिनेट अवधिको हुने जानकारी गराउनुहोस् ।

४. परीक्षण कार्य बढीमा २९ जना मात्र विद्यार्थीलाई गरिने भएकाले सोभन्दा बढी विद्यार्थी भएको खण्डमा गोलाप्रथाका माध्यमबाट २९ जना मात्र छनोट गर्नुहोस् । २९ जनाभन्दा कम विद्यार्थी भएको खण्डमा सबैलाई सहभागी गराउनुहोस् । यदि परीक्षणको लागि तोकिएको दिन १० जनाभन्दा कम विद्यार्थी उपस्थित भएमा परीक्षण सञ्चालकले प्रअ, इकाइसँग समन्वय गरी परीक्षण एक दुई दिनको अन्तरमा सञ्चालन गर्न सकिने छ ।

५. विद्यार्थी छनोट गर्दा छात्र र छात्राको अनुपात सम्भव भएसम्म ५०/५० प्रतिशत हुने गरी मिलाउनुहोस् ।

६. छनोट भएका विद्यार्थीलाई एउटा बेन्चमा बढीमा २/२ जनाको दरले बसाउनुहोस् ।

७. परीक्षण सञ्चालन गर्नुअगि प्रधानाध्यापक, शिक्षकसँग कार्यालयमा बस्नुहोस् । कार्यक्रमबारे सङ्क्षिप्त जानकारी गराउनुहोस् । साथै परीक्षण सञ्चालन र विद्यार्थी छनोट गर्ने र बसाइ व्यवस्थापन गर्ने तरिका प्रस्ट पार्नुहोस् ।

८. परीक्षण सञ्चालन गर्ने दिन कक्षा ५ मा उपस्थित सबै विद्यार्थीलाई कक्षामा बस्न लगाउनुहोस् ।

९. प्रअ वा शिक्षकको सहयोगमा गोलाप्रथा गरेर २९ जना वा प्रश्नावली खाममा उल्लेख भएको सङ्ख्याअनुसार विद्यार्थी छनोट गर्नुहोस् । उल्लिखित सङ्ख्या बराबर वा सोभन्दा कम विद्यार्थी भए सबैलाई परीक्षणमा सामेल गराउने व्यवस्था गराउनुहोस् ।

१०. खामको बाहिर प्रधानाध्यापक र सम्बन्धित विषय शिक्षकको रोहबरमा प्रश्नपत्रको सिलबन्दी खाम खोलेको मुचुल्कामा सही छाप गराउनुहोस् । खाममा भएको विवरणअनुसार प्रश्नपत्रको सेट गणना गर्नुहोस् । खाममा उल्लिखित सेट नमिलेको वा नपुगेको भए मुचुल्कामा उल्लेख गर्नुहोस् ।

११. परीक्षणमा सामेल भएका विद्यार्थीलाई एक एकओटा कालो वा निलो मसी भएको डटपेन वितरण गर्नुहोस् ।

१२. परीक्षणमा प्रयोग भएका र नभएका परीक्षण साधन र पुस्तिकाहरू सबै एकै ठाउँमा जम्मा गर्नुहोस् ।

१३. विद्यालयमा परीक्षण सञ्चालन गरेको प्रतिवेदन फाराम प्रअको रोहवरमा तयार गर्नुहोस् । प्रअको दस्तखत गराउनुहोस् र विद्यालयको छाप लगाउनुहोस् ।

१४. खामभित्र विद्यार्थी परीक्षण पुस्तिका (प्रयोग भएका र नभएका) सबै राखेर प्रअको रोहवरमा बन्द गर्नुहोस् ।

१५. तलका सामग्री पनि खामबन्दी गर्नुहोस् :

(क) परीक्षण सञ्चालक (Test Administrator) को प्रतिवेदन - १ थान

(ख) विद्यार्थीको हाजिरी .........थान (ग) प्रतिवेदन ........थान

१६. खामको बाहिर प्रयोग भएका परीक्षण पुस्तिका थान, प्रयोग नभएका पुस्तिका थान र जम्मा विवरण लेख्नुहोस् ।

१७. खाममा बन्द गरिएको परीक्षण साधन सुरक्षित राख्ने व्यवस्था मिलाउनुहोस् । तपाईंले जिम्मेवारी पाउनुभएको विद्यालयको परीक्षण गर्ने कार्य पूरा भएपछि परीक्षण साधन छिटो र सुरक्षित माध्यमबाट इकाइमा बुझाउनुहोस् ।

१८. परीक्षण सञ्चालनका क्रममा केही समस्या भएमा दिइएको प्राथमिकता क्रममा राखिएको सम्पर्क नम्बरमा फोन गरी सहयोग लिनुहोस् ।

| **क्र.स.** | **नाम** | **फोन न.** | **कार्यालय** |
|---|---|---|---|
| १. | नारायणप्रसाद झा, निर्देशक | ९८४१२५७०२६ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र |
| २. | सरस्वती गुरागाइँ | ९८४१७३४७९२ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र |
| ३. | रितु श्रेष्ठ | ९८४८२८३१६४ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र |
| ४. | नरेन्द्रबहादुर बोगटी | ९८६०९४०५९१ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र |
| ५. | सञ्जीवकुमार चौधरी | ९८४१७४४७९१ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र |
| ६. | | | शिक्षा विकास तथा समन्वय इकाइ |
| ७. | | | शिक्षा विकास तथा समन्वय इकाइ |

१९. कारणवश कुनै खामबन्दी गर्दा खामको बाहिर लेखिएको सेट सङ्ख्या र जम्मा सङ्ख्या फरक भएमा खामभित्र भएको सेटअनुसार नै परीक्षण सञ्चालन गर्नुहोस् । सोको विवरण खामको बाहिरपट्टिको मुचुल्का र परीक्षण सञ्चालकको (Test Administrator) प्रतिवेदनमा समेत उल्लेख गर्नुहोस् ।

**धन्यवाद**

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शैक्षिक गुणस्तर परीक्षण केन्द्र**

सानोठिमी, भक्तपुर

Email: eronasa@gmail.com | Website: www.ero.gov.np

Phone: 01-6632116